# त्रियुगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गाईघाट, उदयपुर

१नं. प्रदेश, नेपाल

०३५ ४२०१०८
फ्याक्स ४२०१८६
Triyuga.mun@gmail.com


पत्र संख्याः- २०७८/०७९
चलानी नम्बरः-

### चक्लाबन्दी बिकासमा सहायोग कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने वारे सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०७/०८)

त्रियुगा नगरपालिका, कृषि विकास शाखा, गाईघाट, उदयपुरको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यावसाय प्रबर्द्धन कार्यविधि-२०७६, त्रियुगा नगरपालिकाका कृषि संग संवन्धित विभिन्न ऐन नियम र बजेटको परिधिमा रहेर **चक्लाबन्दी विकासमा सहायोग कार्यक्रम** संचालन गर्न त्रियुगा नगरपालिका भित्रका रीतपुर्वक दर्ता भएका इच्छुक कृषि सहकारी संस्था/कृषक समुह/निजी फर्म/निजी उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी **त्रियुगा नगरपालिका, कृषि विकास शाखा, गाईघाट, उदयपुरमा** सुचना प्रकाशन भएको मितिले ७ दिन (२०७८/०७/१४गते) भित्र तोकिएको अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेका र म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

**कार्यक्रमको विवरणः**

| क.स. | कार्यक्रम/आयोजना/क्रियाकलापको विवरण | परिमाण | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सकने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | चक्लाबन्दी बिकासमा सहायोग कार्यक्रम | २० हेक्टर | ७५ प्रतिशत वा वढिमा रु १२ लाख सम्म अनुदान | कृषक समुह/कृषि सहकारी/निजी कम्पनी/उधमीहरु |

<u>आवश्यक कागजातहरु</u>

१. रु१०/-को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आबेदन।
२. नेपाली नगरिकताको प्रमाण-पत्रको प्रतिलिपी।
३. प्रचलित कानुन अनुसार आधिकारिक निकायमा संस्था, उद्यम, समुह तथा सहकारी दर्ता प्रमाण-पत्र(नविकरण भएको) र बैठक निर्णयको प्रतिलिपी।
४. चक्लाबन्दी खेती संचालन गर्ने सदस्य कृषकहरुको नेपाली नगरिकताको प्रमाण-पत्रको प्रतिलिपी।
५. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी वा सम्वन्धित वडाले सिफारिस गरेको जग्गाको क्षेत्रफल।
६. कृषक समूह, कृषि सहकारी, नीजि कृषि कम्पनी, तथा साँध सिमाना जोडिएका किसानहरुवाट चक्लावन्दी खेती प्रवर्द्धनका लागि लिखित रुपमा चक्लाबन्दीका शर्त तथा प्रकृयाको वारेमा सामूहिक सहमती तथा निर्णय।
७. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रतावित कार्ययोजना।
८. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
९. PAN वा VAT दर्ता प्रमाण-पत्रको प्रतिलिपी।
१०. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन विवरण।
११. गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।
१२. सम्वन्धित विषयमा प्रविधिक ज्ञान भए सो को प्रतिलिपी।
१३. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकायवाट नलिएको वा नलिने स्वःघोषणा पत्र।
१४. लिजमा लिएको जग्गाको हकमा १० वर्षको करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा संम्झौता पत्र।
१५. यस अघि चक्लाबन्दी खेती संचालन गर्नको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपी।
१६. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
१७. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु।
१८. प्रस्तावना निवेदन दस्तुर व्यक्तिगत फर्म रु.१००/-संस्थागत रु.२००/- त्रियुगा नगरपालिकाको राजश्व शाखा वा राजश्व शिर्षक नं. २०९०१००३०१०१०००४ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ।

आवश्यक जानकारिको लागि त्रियुगा नगरपालिका, कृषि विकास शाखा, गाईघाट, उदयपुरको फोन नं.०३५-४२०२५३/टोल फ्रि नं. १६६००१३५००१ मा संम्पर्क गर्न सक्नुहुनेछ।

२०७८/०७/०८

माधव राउत (अधिकृत छैठौं)
शाखा प्रमुख